नेपाल प्राध्यापक सङ्घद्वारा २०७९ माघ २८, २९ र फागुन १ गते बुटवलमा आयोजित गोष्ठीमा प्रस्तुत अवधारणापत्र

# नेपालमा संस्कृत शिक्षा : वर्तमान अवस्था र भावी चुनौती

**-प्रा.डा. सुधन पौडेल**

कार्यकारी निर्देशक

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र

## संस्कृत भाषा र यसको इतिहास

'संस्कृत' शब्दको सामान्य अर्थ- परिष्कृत, परिमार्जित या शुद्ध पारिएको हुन्छ । संस्कृत शब्दका विशेषण र नाम दुई किसिमका अर्थ हुन सक्छन् । विशेषणका रूपमा प्रयुक्त हुँदा संस्कृत शब्दका– १.संस्कार गरिएको वा शुद्ध पारिएको; परिमार्जन गरिएको; परिष्कृत, २. शुद्ध गरिएको; सुद्धयाइएको; संशोधित, ३. साजसज्जा गरिएको; अलङ्कृत, ४. पकाईतुल्याई गरिएको खानेकुरो आदि अर्थ हुन्छन् भने नाम शब्दका रूपमा प्रयुक्त हुँदा १. प्राचीन आचार्यहरूले ज्ञान गरिमा, साहित्य, वेदोपनिषद् आदि सृजना गरेको आर्यहरूको प्राचीन भाषा; देववाणी, २. पाणिनि, यास्क, पतञ्जलि आदिले निर्माण गरेका व्याकरणअनुसार शुद्ध पारिएका वर्ण वा शब्द भन्ने अर्थ निस्किन्छ । यहाँ 'संस्कृत' शब्द आर्यहरूको प्राचीनभाषा वा देववाणी भन्ने अर्थमा व्यवहृत छ ।

आधुनिक विद्वान्हरूका अनुसार संस्कृतको अखण्ड प्रवाह पाँच हजार वर्षदेखि बग्दै आएको छ । नेपाल र भारतमा यसैका माध्यमले हाम्रा पुर्खाहरूको अमूल्य चिन्तन, विवेक, रचनात्मक सिर्जना र वैचारिक प्रज्ञाको अभिव्यञ्जना भएको छ । सनातन धर्मका सांस्कारिक कार्यमा अहिले पनि यो भाषा प्रयुक्त हुने गर्छ । त्यसकारण यो अमरभाषा हो ।

संस्कृतभाषाको प्रारम्भिक उत्पत्ति मध्य एसिया र भूमध्य सागरका बीचको क्षेत्रमा भएको कुरा धेरै इतिहासविद्हरू मान्दछन् । तर यो भाषा र यसको वाङ्मयको समग्र विकास भने दक्षिण एसियाको उत्तरपश्चिमी भूभागमा नै भएको हो । विश्वका अनेकौं भाषामा संस्कृतको प्रभाव छ । चिनियाँ यात्री ह्वेन साङ्ले संस्कृतमा नै पत्रव्यवहार गरेको इतिहास छ । नेपालमा बोलिने भाषाहरू नेपाली, अवधी, मैथिली र भोजपुरी आदि संस्कृतकै सन्तति हुन् ।

संस्कृतको व्यापक विकास सिन्धु नदीदेखि कोशी नदीबीचको भूभागमा सबैभन्दा बढी भयो । नेपालको हिमाली क्षेत्र र विन्ध्याचलभन्दा दक्षिणको भूभाग कालान्तरमा संस्कृतबाट क्रमशः प्रभावित हुँदै गएको कुरा इतिहासले बताउँछ ।

प्राचीन संस्कृत ग्रन्थहरूमा उत्तरी भारतलाई आर्यावर्त (शाब्दिक अर्थः आर्यहरूको निवासस्थान) भनिएको छ । ऋग्वेदमा आर्यहरूको निवासस्थललाई सप्तसिन्धु प्रदेशका नामले चिनाइएको छ । ऋग्वेदको नदीसूक्तमा आर्यहरूको निवासक्षेत्रमा प्रवाहित हुने नदीहरूको वर्णन छ, जसमा मुख्यतः कुभा (काबुल) नदी, कुगु (कुर्रम), गोमती, सिन्धु, परुष्णी (रावी), शतुद्री (सतलज), वितस्ता, सरस्वती, यमुना र गंगा छन् । यस वर्णनलाई वैदिक आर्यहरूको निवासस्थलको सीमाको निर्देशक मान्न सकिन्छ । उपनिषद्कालमा आर्यसभ्यताको प्रगति काशी र विदेह जनपदसम्म फैलियो, त्यसैले पन्जाबदेखि मिथिलासम्मको विस्तृत भूभाग आर्यहरूको पवित्र निवासस्थल मानियो ।

नेपालमा पाश्चात्य प्रभाव विस्तार हुनुभन्दा पहिले शिक्षा र संस्कृत पर्यायका रूपमा रहेका थिए । संस्कृत शिक्षाको नेपालसँगको सम्बन्ध वैदिककालदेखिकै ठहर्छ । अनेकौं प्राचीन ऋषिमुनिहरूको तपःस्थल नेपाल नै थियो । राजर्षि जनक, महर्षि याज्ञवल्क्य, विदुषी गार्गी जस्ता उपनिषद्कालका पात्रहरूको शास्त्रार्थ एवं प्रवचनको मुख्य थलो र वाल्मीकि एवं व्यासको तपःस्थली पनि नेपाली भूभागमै भएका पुरातात्त्विक र पौराणिक प्रमाणहरू उपलब्ध छन् ।

नेपाल राष्ट्रको नाम कसरी रह्यो भन्ने कुरा खोज्नु पर्‍यो भने संस्कृत भाषाकै वाङ्गमयको आश्रय लिनुपर्ने हुन्छ ।

**नेनाम्ना मुनिना पूर्वं पालनात् पुण्यकर्मणा ।**

**अयं हि हिमवत्कुक्षौ नेपाल इति प्रोच्च्यते ॥** (पशुपति पुराण, अध्याय २२, श्लोक २२)

त्यसैगरी नेपालको नामकरणबारे मञ्जुश्री मूलकल्पको निम्न श्लोकलाई गण्डकीमाहात्म्यमा यसरी उद्धृत गरिएको छ-

**भविष्यति तदा काले उत्तरां दिशमाश्रितः ।**

**नेपालमण्डलख्याते हिमाद्रेः कुक्षिमास्थिते ॥**

गण्डकी माहात्म्यमै तन्त्रशास्त्रको निम्न श्लोक पनि नेपाल नामकरणका सन्दर्भमा उल्लिखित देखा पर्छ-

**कृते सत्यवती ज्ञेया त्रेतायां तु तपोवनम् ।**

**द्वापरे मुक्तिसोपानं कलौ नैपालिका पुरी ॥**

यी विविध शास्त्रीय सन्दर्भले नेपाल राष्ट्रको प्राचीनतासँगै यहाँ संस्कृत वाङ्मयको निरन्तरतालाई सिद्ध गर्छन् ।

ऋग्वेदयुगमा ब्रह्मावर्त (हालको इलाहाबादभन्दा पश्चिमको भाग) बाट निमि, मिथि, जनक र गौतम रहुगणको समूह आएर नारायणीदेखि कोशी नदीबीचको भूभाग आबाद गरेका प्रमाण वैदिक ग्रन्थ 'शतपथ ब्राह्मण' (अध्याय ४, काण्ड १, मन्त्र १०-२०) बाट स्पष्ट प्रमाणित हुन्छ । मिथि जनकले आबाद गरेका हुनाले त्यो भूभाग मिथिला भनियो । ऋग्वेद प्रथम मण्डलको सूक्त ७४ देखि ९३ सम्मका २०० भन्दा बढी ऋचा निमि र मिथि जनकका गुरु गौतम रहुगण र उनका पुत्रका नाममा सङ्कलित छन् । अहिले स्वस्तिवाचनमा पढिने-**'स्वस्ति न इन्द्रो वृद्धश्रवा...'** आदि मन्त्र त्यसैअन्तर्गत छन् । यसरी नेपालका सन्दर्भमा संस्कृत केवल भाषा मात्र नभएर यो देशको इतिहास हो, संस्कृति र आत्मा हो ।

हाम्रो प्राचीन र मध्यकालीन समाजका विविध विषयमा व्यापक जानकारी दिने हजारौँ ग्रन्थ संस्कृत भाषामा जति अरू भाषामा दुर्लभ छन् । संसारभरका अन्वेषकहरूका लागि यी ग्रन्थहरू ज्यादै उपयोगी छन् । हिन्दुमात्र हैन, बौद्ध र जैन साहित्यका प्रशस्त ग्रन्थ संस्कृतभाषामा छन् । त्यसैले यस किसिमका साहित्यबारे गहिरो जानकारी राख्न चाहनेहरूले समेत संस्कृत नपढी सुखै छैन ।

संस्कृत शिक्षापद्धति भनेको ज्ञान र विज्ञानको समन्वयात्मक पद्धति हो । यसलाई प्रवृत्तिमार्ग र निवृत्तिमार्गको समन्वय पनि भन्न सकिन्छ । भलै महाभारतको युद्धपछि तत्कालीन वैज्ञानिक शस्त्रास्त्रनिर्माता र आविष्कारकहरु निराश बन्न पुगे र यो बाटो अवरुद्ध जस्तै भयो । तर पनि संस्कृतमा ज्ञान विज्ञानको अविरल प्रवाह अद्यापि बगिरहेको छ । वस्तुतः संस्कृत एउटा भाषामात्र होइन । यसभित्र हाम्रो मौलिक संस्कृति, दर्शन, परम्परा, साहित्य, कला, समाजचिन्तन र राजनीतिक आर्थिक विचारधारा समेतको समष्टिगत स्वरूप विद्यमान छ ।

महाभारतमा वर्णित राजा ऋतुपर्णको गणितविद्याको, विदुरले पाण्डवलाई बताएको यन्त्रयुत नौकाको, त्यस्तै आग्नेयास्त्र, नारायणास्त्र, वायव्यास्त्र इत्यादिको वर्णनबाट त्यतिखेसम्म ज्ञानविज्ञानयुक्त शिक्षापद्धति थियो भन्न सकिन्छ ।

संस्कृतमा रहेका विज्ञान प्रविधिपरक केही ग्रन्थहरू :

- पातञ्जल योगदर्शन ।
- वात्स्यायन कामसूत्र ।
- समराङ्गण सूत्रधार (वास्तुविद्या) ।
- शालिहोत्र (अश्वायुर्वेद) ।
- बृहद् विमानशास्त्र ।
- रत्नपरीक्षा ।
- निधिप्रदीप ।
- चरक संहिता ।
- सुश्रुत संहिता ।
- भावप्रकाश निघण्टु ।
- आर्यभटीयम् ।
- सिद्धान्तशिरोमणि । आदि

नेपालमा संस्कृत अध्ययन अध्यापन गुरुशिष्य परम्पराबाट संरक्षित रहँदै आएको थियो । २०४३ सालमा स्थापित नेपाल संस्कृत विश्वविद्यालय उक्त परम्पराको उत्तराधिकारीका रूपमा क्रियाशील संस्था हो । वि.सं. २०४३ साल मङ्सिर २५ गते महेन्द्र (हाल : नेपाल) संस्कृत विश्वविद्यालयको स्थापना भएपछि २०४४ श्रावण १ गतेदेखि यसले विधिवत् कार्यसञ्चालन गरेको हो ।

गुरुशिष्य परम्पराकै निरन्तरताका रूपमा नेपाल संस्कृत विश्वविद्यालयले पौरस्त्य संस्कृति, दर्शन, परम्परा, समाजचिन्तन र राजनीतिक आर्थिक विचारधारासहित हाम्रो ज्ञानविज्ञानमा रहेका मौलिक सुगन्धहरूको खोजी गरी नेपालको कला, संस्कृति, इतिहास र सभ्यतालाई समृद्ध तुल्याउन खोजिरहेको छ । संस्कृत भाषा र यसभित्र लुकेर रहेको ज्ञानसम्पदा विश्वका हरेक भाषा, धर्म, संस्कृति, लिङ्ग र जातीय पृष्ठभूमिका व्यक्तिहरूका लागि ज्ञानको महत्त्वपूर्ण स्रोत हुनसक्छ भन्ने मान्यता नै नेसंविको मूल दृष्टिकोण हो । यसका सम्पूर्ण गतिविधिहरू यसै दृष्टिकोणको परिपोषणमा केन्द्रित छन् ।

नेपालमा संस्कृत शिक्षाको संस्थागत उपक्रम वि.सं. १८८२ मा तस्मैया बाबाले मटिहानी मठमा सुरु गरेको संस्कृत पाठशालाबाट भएको मानिन्छ । वि.सं. १९४० तिर काठमाडौंमा तीनधारा संस्कृत पाठशालाको स्थापना भएपछि संस्कृततर्फ आकर्षण थपिएको र राणाकालमै देशका विभिन्न ठाउँमा गुरुकुल तथा पिँढीपाठशालाहरू सञ्चालित भएको इतिहास पाइन्छ ।

तर नेपालमा संस्कृतको उच्च अध्ययन चाहिँ वि.सं. २००८ सालमा धरानमा स्थापित पिण्डेश्वर विद्यापीठ र दाङमा स्थापित जनता महाविद्यालयबाट प्रारम्भ भएको हो । तसर्थ नेपालभित्र संस्थागत ढङ्गले संस्कृतको अध्ययन अध्यापन

एवम् अनुसन्धानको  मुख्य प्रयत्न २००८ बाट सुरु भएको मान्नुपर्ने हुन्छ । यसरी हेर्दा नेपालमा संस्कृतको अध्ययन अनुसन्धानको औपचारिक इतिहास झण्डै ७० वर्ष पुरानो छ भन्न सकिन्छ ।

वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले त्रिभुवन विश्वविद्यालय मातहत रहने गरी संस्कृत अध्ययन संस्थानको स्थापना गर्नुका साथै संस्कृतमा अनुसन्धान तहसम्मको औपचारिक व्यवस्था गरेको थियो । उक्त संस्थानले "राष्ट्रिय महत्त्व र उपयोगिताका एवम् विश्वजनीन विषयको संस्कृतको वाङ्मयबाट अनुसन्धान गराउने" उद्देश्य तय गरी संस्थानअन्तर्गत अनुसन्धान समिति गठन गरेर अनुसन्धानका कामलाई गति दिएको इतिहास पाइन्छ । अद्यापि नेसंविका अनुसन्धानहरू संस्कृत अध्ययन संस्थानको उत्तराधिकारस्वरूप प्राप्त उक्त उद्देश्यकै परिपूर्तिका लागि निर्दिष्ट छन् ।

अब समय बदलिएकोले संस्कृतको गाथा गाएर र इतिहास फलाकेर मात्र पुग्दैन । पाश्चात्य संस्कृति र उपभोक्तावादले गाँजिरहेको वर्तमान समयमा संस्कृतको बखान गर्दैमा यसको औचित्य स्थापित गर्न गाह्रो छ, बरु परिस्थितिले सिर्जना गरेको चुनौतीलाई स्वीकार गरेर वैज्ञानिक र यथार्थ योजना बनाएर अगाडि बढ्दा मात्र संस्कृत क्षेत्रको हित हुने कुरा निर्विवाद छ । यसलाई जगेर्ना गर्ने, व्याख्या गर्ने र प्रस्तुत गर्ने नयाँ पाटा, शैली र सम्भावनाहरूको खोजीतर्फ समयले हामीलाई प्रेरित गरिरहेको छ ।

नेपाल संस्कृत विश्वविद्यालय संस्कृत शिक्षाको विकास र विस्तारका लागि क्रियाशील र यही उद्देश्यपूर्तिका लागि स्थापित उच्च शैक्षिक संस्था हो । नेपालमा संस्कृतको भविष्य यसै विश्वविद्यालयको भविष्यसँग गाँसिएको छ । स्वाभाविकरूपमै संस्कृत उच्च शिक्षा भन्नासाथ नेसंविको नाम आइहाल्छ । संस्कृत शिक्षा र नेसंविको नियति एउटै छ । नेसंवि अहिले नीतिगत तथा व्यवस्थापकीय र प्राज्ञिक तथा प्रशासनिक रूपमा समेत विविध समस्याहरूबाट ग्रस्त बन्दै गएको छ । अनेकौं खालका बाह्य र आन्तरिक समस्याले गर्दा समाजमा ने.स.वि. र संस्कृत शिक्षाको औचित्य र सान्दर्भिकतामाथि समेत गम्भीर प्रश्न उठ्ने गरेको तीतो यथार्थ अनुभूत हुँदैछ ।

विगतमा एकातिर संस्कृत भाषा र यसको महत्त्वपूर्ण वाङ्मयमाथि समाजका उपेक्षित, अपहेलित र विभिन्न किसिमले पछाडि पारिएका समुदायको पहुँच नपुग्नु, अर्कोतिर संस्कृत पढेका केही विद्वान्हरू सामन्ती राज्यसत्ताको रक्षाकवचका रूपमा देखापर्नाले यस क्षेत्रमाथि नवोदित बौद्धिक समुदायबाट प्रहार हुन थालेको हो र कतिपय अर्थमा यसलाई अस्वाभाविक पनि भन्न मिल्दैन । चर्को बाह्य प्रहार र आन्तरिक अव्यवस्थाका कारण अहिले संस्कृत शिक्षाप्रति मानिसहरूको आकर्षणमा क्रमशः कमी हुँदै गएको छ । यस परिप्रेक्ष्यमा संस्कृतलाई पूर्णतः निषेध गरेर जाने कि यसका सकारात्मक कुराहरूको जगेर्ना गर्दै राज्यको आमूल रूपान्तरणको प्रक्रियामा संस्कृत शिक्षा क्षेत्रको समेत रूपान्तरण गरेर लैजाने भन्ने प्रश्न टड्कारो रूपमा उठन थालेको छ ।

प्राचीन नेपालमा प्रचलित परम्परागत शिक्षाका मुख्य धाराहरूमध्ये पहिलो वैदिक धर्मबाट अनुप्राणित संस्कृत शिक्षापरम्परा र दोस्रो बुद्धधर्मबाट अनुप्राणित बौद्ध शिक्षा परम्परा हुन् । यी दुवै शिक्षाका धाराहरू मूलतः संस्कृत भाषामै केन्द्रित थिए । नेपालमा संस्कृतको शिक्षादीक्षा, प्रचारप्रसार र विकासको इतिहासलाई निम्न कालखण्डमा वर्गीकृत गरी अध्ययन गर्न सकिन्छ- **(क) आदिकाल** (वैदिक संहिता र वैदिक वाङ्मयको काल)- आदिकाललाई वैदिक युगदेखि गौतम बुद्धको जन्मकालसम्मको समय, **(ख) मध्यकाल** (शास्त्र, दर्शनसूत्र, वेदाङ्ग ग्रन्थ र काव्य एवम् केही साहित्यशास्त्रीय ग्रन्थको निर्माणकाल)- गौतमबुद्धको जन्मदेखि लिच्छवि कालको अन्त्य (आठौं शताब्दी) सम्मको समय, **(ग) आधुनिककाल-** मल्लकालदेखि वर्तमानकालसम्मको समय ।

## संस्कृत विश्वविद्यालयको स्थापनाकालको जनअपेक्षा

२०२६ सालमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापनाका सन्दर्भमा संस्कृतको आवश्यकता र औचित्यबारे नेपालका विशिष्ट विद्वान्, शिक्षाविद् र संस्कृतप्रेमीहरूबीच व्यापक छलफल भएको देखिन्छ । संस्कृतानुरागी एवं दाताहरूको

तात्कालिक भावना र चाहनालाई बुझ्न दाङको तुलसीपुरमा आयोजित आध्यात्मिक सम्मेलन र बिजौरीमा आयोजित अन्तर्राष्ट्रिय विद्वत् सम्मेलनसम्बन्धी कुराहरूतर्फ दृष्टि दिई खोजतलास गरेमा यथार्थको गहिराईमा पुग्न सरल हुने कुरा निर्विवाद छ । संस्कृत विश्वविद्यालय स्थापना गर्नुका पछाडि रहेको यसका संस्थापकहरूको चाहना र भावना २०२५-२०२६ सालमा प्रकाशित अन्तर्राष्ट्रिय संस्कृत विद्वत् सम्मेलनको प्रतिवेदनलाई सरसर्ती हेर्दा पनि स्पष्ट हुन्छ । उक्त प्रतिवेदनमा संस्कृत विश्वविद्यालयका स्थापनाका उद्देश्यहरू देहायबमोजिम उल्लिखित थिए-

- संस्कृत व्याकरणमा व्युत्पन्न केही छात्रहरूलाई विदेशी शिक्षा दिलाई त्यसका सारभूत र आवश्यक अंशको संस्कृत र नेपालीमा अनुवाद गर्न लगाई संस्कृत वा नेपालीमात्रको शिक्षाबाटै डाक्टर, इन्जिनियर तयार पारी विदेशी शिक्षामा भइरहेको समय, साधन र शक्तिको राष्ट्रिय अपव्यय रोक्न प्रयत्न गर्ने ।

- आधुनिक संस्कृत विद्यालयहरूद्वारा उपेक्षित, तर आधुनिक सामाजिक जीवनमा नितान्त अपेक्षित पौरोहित्यशास्त्र, अर्थशास्त्र, वार्ताविद्या (कृषि, पशुपालन, वाणिज्य), स्थापत्य (वास्तुविद्या), नागरिकशास्त्र, राजशास्त्र, गणित, भूगोल, खगोल, इतिहास, भूगर्भविद्या, पत्रकारिता, लोकभाषा आदिको समेत अध्यापन चलाउने लक्ष्य राखी अनुसन्धान गर्ने ।

- आयुर्वेद, अस्त्रविद्यासहित धनुर्वेद, स्थापत्यशास्त्र, यन्त्रशास्त्र, भूगर्भशास्त्र, जीवशास्त्र, रसायनशास्त्र प्रभृति आगमोक्त विषयहरूमा आध्यात्मिक र भौतिक दुबै प्रकारका साधनद्वारा अनुसन्धान गरी हिन्दू संस्कृतिको प्रतिष्ठा पूर्ववत् जागरुक राख्ने प्रयत्न गर्ने ।

- 'ज्ञानं भारः क्रियाविना', 'यस्तु क्रियावान् पुरुषः स विद्वान्' यस सिद्धान्तलाई ध्यानमा राखी रचनात्मक र व्यावसायिक शिक्षाको पूर्ण व्यवस्था गरी स्नातकहरूलाई स्वावलम्बी बनाई राष्ट्रलाई आत्मनिर्भर बनाउने ।

- कुनै पुस्तकमा नलेखिएका, तर पूर्वजक्रमबाट हस्तक्रियाद्वारा हाम्रो देशमा चलिआएका वर्तमान कागजी शिक्षाले गर्दा मास्सिन लागेका घरेलु शिल्पकला र मन्त्रवैद्यक प्रणालीको संरक्षण, संवर्धन र प्रचार प्रसार गर्ने ।

- हिन्दूसंस्कृति एवं हिन्दूजातिको विकास गर्न वर्तमान भोगाभिमुख अशान्त समाजलाई संयमको आदर्श देखाई शान्ति दिलाउन र गुरुशिष्यसम्बन्ध सुमधुर बनाउन प्राचीन गुरुकुल पद्धतिबाट ब्रह्मचर्याश्रम खोली विश्वबन्धुत्वको भावना स्थिर गराएर विश्वकल्याण सम्पादनका निमित्त आत्मबलशाली, कर्मठ र सदाचारी स्नातकहरू तयार पार्ने ।

- संस्कृत वाङ्मयको इतिहासको र तत्सम्बद्ध लोकभाषाहरूको अन्वेषण गर्ने ।

- योग-योगाङ्ग र उपासनाको क्रियात्मक शिक्षाद्वारा आगम (तन्त्र) शास्त्रको रहस्यानुसन्धान गर्ने ।

- हाम्रा पुस्तकालयहरूमा रहेका प्राचीन वैज्ञानिक ग्रन्थहरूको प्रकाशन, मनन, अनुसन्धान र सारसङ्ग्रह गरी आध्यात्मिक सम्पत्ति सम्पुटित आफ्नै विज्ञानको प्रचार गरेर विश्वलाई कल्याणमय मार्गमा प्रवृत्त गराउने ।

- विश्वबन्धुत्वको आदर्श सम्मुख राखी पौरस्त्य आध्यात्मिक रहस्यको जिज्ञासा गर्ने पाश्चात्य जगत्लाई यथाविधि आध्यात्मिक रहस्यको परिचय दिने ।

- 'यन्नवे भाजने लग्नः संस्कारो नान्यथा भवेत्' को नीतिअनुसार छात्रहरूलाई आत्मबलयुक्त, चरित्रशाली, अनुशासित र राष्ट्रियताप्रति निष्ठावान् बनाउन ७/८ वर्षकै उमेरदेखि प्रविष्ट गराउने ।

- प्रविष्ट छात्रहरूलाई पहिले वेदवेदाङ्गको साधारण शिक्षा र पछि पौरस्त्य, पाश्चात्य ज्ञानविज्ञानको समन्वयात्मक पद्धतिले उच्चशिक्षा दिने ।

- विशिष्ट र अनुभवी विद्वान्‌हरूको समितिद्वारा ज्ञान-विज्ञानको समन्वयको सिद्धान्त प्रचार गर्ने ।

- वादविवादग्रस्त वर्तमान विश्वमा हाम्रो नेपालको सहिष्णुता र समन्वयको सिद्धान्त प्रचार गर्ने ।

- भवनहरूको सज्जामा धेरै खर्च नगरी आगोबाट जोगाउन पुस्तकालय, भोजनालय, कार्यालय आदिका निमित्त मात्र भवनहरू बनाई अरू सबै काम कुटीरहरूमा सम्पन्न गराउने ।

- आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति गरी चार संकायमा विभक्त समस्त विद्याहरूको प्रचार प्रसार गर्न यथासम्भव प्रयत्न गर्ने ।

- परीक्षा, अध्यापन र अनुसन्धान गरी तीन प्रकारका विश्वविद्यालयीय मूलस्रोतहरूको ठीकसँग सञ्चालन गर्न सर्वदा ध्यान दिने ।

- स्नातकहरूलाई वैदुष्यसम्पन्न र आत्मनिर्भर गराउन विषय हेरी मौखिक, लिखित र प्रायोगिक गरी तीन प्रकारका परीक्षाको व्यवस्था गर्ने ।

- छात्रहरूको बोध र संस्कार दृढ बनाउन र अध्यापन व्ययभार कम गर्न उच्च कक्षाका छात्रद्वारा निम्न कक्षाका छात्रहरूको अध्यापन चलाउने प्राचीन प्रणालीको यथासम्भव प्रयोग गर्ने ।

- प्रतिदिनका कामकाजका कागजात, पत्रपत्रिका र अनुसन्धान गरिएका विषयहरूको प्रकाशनार्थ मुद्रणालयको व्यवस्था गर्ने ।

- अध्ययन, अध्यापन, लेखन, भाषणप्रभृति सकल व्यवहारको माध्यम सुबोध, सरस, सरल र सभ्य संस्कृतभाषालाई गराई जनसाधारणमा प्रचार गर्ने ।

- संस्कृतको प्रौढपाण्डित्यको संरक्षणका साथ विवेचनशक्तिको पनि संवर्धन गर्ने ।

- 'महेन्द्र संस्कृत विश्वविद्यालय' नामबाट दाङ्गमा स्थापित गर्ने ।

- त्याग, तपस्या र मितव्ययिताको आदर्श सामुन्ने राखी समस्त कामकाज गर्ने ।

- शस्त्रेण रक्षिते राष्ट्रे शास्त्रचिन्ता प्रवर्तते' नीतिअनुसार राष्ट्र सुरक्षित रहेमा मात्र सबै कुरा हुन सक्ने हुनाले राष्ट्रलाई खँदिलो पार्न प्राचीन राजशास्त्रको अनुसन्धान गरी उसका आधारमा राजनैतिक दर्शनलाई परिपुष्ट र परिष्कृत बनाउने । (अन्ताराष्ट्रिय विद्वत्‌ सम्मेलन प्रतिवेदन)

## विदेशमा संस्कृत शिक्षाको स्थिति र सम्भावना

हाम्रो छिमेकी मुलुक भारतमा पनि २५ वटा जति संस्कृत विश्वविद्यालय छन्‌ । त्यस्तै एसिया, युरोप, अमेरिका र अस्ट्रेलियामा पनि संस्कृत विश्वविद्यालय खोल्ने क्रम बढेर गएको छ । युरोप र अस्ट्रेलियाका केही संस्कृत विश्वविद्यालय, जसमा कतै एसियन स्टडिज, कतै बुद्धिस्ट स्टडी, कतै इन्डियन स्टडिज, कतै ओरियन्टल स्टडी, कतै

इन्डोलजिकल स्टडी, कतै क्लासिकल इन्डियन स्टडिज, कतै तमिल स्टडी आदि नाममा संस्कृतको अध्ययन अध्यापन हुने गर्छ । यसले बाहिरी देशहरूमा संस्कृतप्रतिको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ ।

रोजगारीकै कुरा गर्ने हो भने पनि संस्कृत शिक्षा आर्जन गरेको नेपालको युवा जनशक्ति अहिले भारत, युरोप, अमेरिका र अस्ट्रेलियाका संस्कृत विश्वविद्यालय एवम् प्रतिष्ठानहरूमा अध्यापन गर्न, प्रशिक्षण दिन र अनुसन्धान गर्न जाने क्रम बढेर गएको छ । त्यसैगरी त्यहाँका मन्दिरहरूमा पूजारी र पुरोहितका रूपमा जाने क्रम पनि बढेर गएको छ ।

## नेसंविको वर्तमान अवस्था र शैक्षिक/प्रशासनिक संरचना

नेपालमा संस्कृत उच्च शिक्षाको आधिकारिक निकाय र उत्तराधिकार नेपाल संस्कृत विश्वविद्यालयमै निहित छ । विश्वविद्यालय भनेको प्राध्यापक, कर्मचारी, विद्यार्थी र शैक्षिक/प्रशासनिक संरचनाको समष्टिगत स्वरूप हो । कुनै पनि शैक्षिक संस्थाले विश्वविद्यालयको स्वरूप त्यतिखेर प्राप्त गर्छ, जब त्यो संस्थामा स्वायत्तताका साथसाथै स्तरीय र अद्यावधिक पाठ्यक्रम, निष्पक्ष र धाँधलीरहित परीक्षा प्रणाली, समयानुकूल तालिम तथा वृत्तिविकासको अवसर, अध्ययन-अनुसन्धानको वातावरण, ग्रन्थहरूको प्रकाशन, विभिन्न अङ्गहरूबीच समन्वय, सहकार्य एवम् सन्तुलन र आवश्यक भौतिक सुविधाहरूको समुचित प्रबन्ध हुन्छ । त्यस संस्थाका हरेक व्यक्ति र अङ्गहरूमा आफ्नो संस्थाप्रति अपनत्व र माया रहनु यी सबैभन्दा ठूलो कुरा हो । सिद्धान्ततः नेपाल संस्कृत विश्वविद्यालयमा यी सबै पूर्वाधारहरू कमबेसी रूपमा विद्यमान छन् । तर पनि नेपालका अन्य संस्थाजस्तै यो संस्थाको अवस्था पनि दिन परदिन खस्किँदै र दुर्बल हुँदै गइरहेको छ ।

यस संस्थाको संस्थागत संरचनाको छोटो झलक निम्नानुसार छ :

- विश्वविद्यालयको सर्वोच्च नीतिनिर्देशक निकायका रूपमा विश्वविद्यालय सभा रहेको छ ।
- ऐनअनुसार विश्वविद्यालयको कुलपतिमा सम्माननीय प्रधानमन्त्रीज्यू रहनुहुन्छ भने सहकुलपति माननीय शिक्षामन्त्रीज्यू हुनुहुन्छ ।
- विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिवको नियुक्ति निश्चित प्रक्रियाअनुसार कुलपतिज्यूबाट हुन्छ ।
- उपकुलपति विश्वविद्यालयको प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुन्छ । त्यसैगरी विश्वविद्यालयको शैक्षिक प्रशासन शिक्षाध्यक्षको मातहतमा रहन्छ भने कर्मचारी प्रशासन र आर्थिक दायित्व कुलसचिवको मातहतमा रहन्छ ।
- विश्वविद्यालय सभाका निर्णयनिर्देशनहरू कार्यान्वयन गर्न र विश्वविद्यालय सञ्चालन गर्न विश्वविद्यालय सभाअन्तर्गत पाँच सदस्यीय कार्यकारी परिषद् रहन्छ । कार्यकारी परिषद्मा उपकुलपति अध्यक्ष, शिक्षाध्यक्ष सदस्य, कुलसचिव सदस्यसचिव, प्राचार्यमध्येबाट एकजना सदस्य र शिक्षकहरूमध्येबाट एकजना सदस्य रहन्छन् ।
- सभाद्वारा गठित १८ सदस्यीय प्राज्ञिक परिषद् विश्वविद्यालयको शैक्षिक प्राज्ञिक नीति निर्धारण गर्ने उच्च निकाय हो ।
- उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिवको मातहतमा रहने गरी ८ वटा महाशाखाहरू छन् ।

- उपाधिमूलक र निरुपाधिक अनुसन्धान कार्यक्रम अगाडि बढाउन शिक्षाध्यक्षको मातहतमा अनुसन्धान केन्द्र र राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र रहेका छन् ।
- त्यसैगरी कुलसचिव मातहत रहने गरी परीक्षा नियन्त्रण कार्यालय रहेको छ ।
- विश्वविद्यालयमा कर्मचारी र शिक्षकहरूको नियुक्तिका लागि आवश्यक प्रक्रिया पूरा गर्न ने.सं.वि. सेवा आयोगको कार्यालय समेत विद्यमान छ ।
- विश्वविद्यालय अन्तर्गत देशका विभिन्न भागमा १४ वटा आङ्गिक र १४ वटा सम्बन्धनप्राप्त गरी जम्मा २८ विद्यापीठहरू रहेका छन् र यिनमा कूल विद्यार्थी सङ्ख्या झन्डै पाँच हजार छ ।
- अनुगमन समिति, परीक्षा समिति, जग्गा व्यवस्था समिति र पुनरावेदन आयोग लगायत विभिन्न समिति तथा आयोगहरू पनि विश्वविद्यालयमा अस्तित्वमा छन् ।

## वर्तमान शैक्षिक स्थिति

- नेसंविमा हाल संस्कृतका शास्त्रीय 'क' वर्गीय विषयहरूको शास्त्री (स्नातक) तहदेखि विद्यावारिधि तहसम्म पठनपाठन हुन्छ । ती विषयहरू निम्नानुसार छन् :
    - ऋग्वेद, सामवेद, शुक्लयजुर्वेद, अथर्ववेद, व्याकरण, प्राचीनन्याय, नव्यन्याय, सिद्धान्तज्यौतिष, फलितज्यौतिष, पूर्वमीमांसा, शाङ्करवेदान्त, साहित्य, धर्मशास्त्र, तन्त्र, इतिहासपुराण, सर्वदर्शन, बौद्धदर्शन, प्राच्यराजशास्त्र, नीतिशास्त्र ।
- त्यसैगरी आधुनिक विधाका 'ख' वर्गीय विषयहरूको शास्त्री (स्नातक) तहमा पठनपाठन हुन्छ भने यी विषयभित्र रहेका संस्कृत वाङ्मयसँग सम्बद्ध क्षेत्रमा विद्यावारिधि अनुसन्धानसमेत हुने गर्छ । उक्त आधुनिक विषयहरू निम्नानुसार छन् :
    - नेपाली, अङ्ग्रेजी, राजनीतिशास्त्र, अर्थशास्त्र, गणित, हिन्दी, मैथिली, आयुर्वेद स्नातक (बिएएमएस) ।
    - विश्वविद्यालयले एक वर्षे शिक्षाशास्त्री कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ ।
- विश्वविद्यालय अनुदान आयोगको निर्देशनअनुरूप विद्यावारिधि कार्यक्रमलाई पाठ्यक्रममा आधारित बनाइएको छ ।
- विश्वविद्यालयले सञ्चालन गरेका निरुपाधिक प्रशिक्षण तथा अन्य कार्यक्रमहरू निम्नानुसार छन् :
    - कर्मकाण्ड प्रशिक्षण ।
    - संस्कृतभाषाप्रशिक्षण ।
    - विदेशीहरूलाई संस्कृतभाषाप्रशिक्षण ।
    - शिविरसञ्चालन (संस्कृतभाषा, योग, कम्प्युटर आदि) ।
    - योग तथा प्राकृतिक चिकित्सा प्रशिक्षण ।
    - वृत्तिविकास कार्यक्रम ।
    - विभागीय कार्यक्रम ।
    - शिक्षक कर्मचारी सेवाप्रवेशपूर्व प्रशिक्षण ।

- विषयगत शिक्षण तथा अभिमुखीकरण कार्यक्रम ।
- संस्कृत नाट्यप्रदर्शन ।
- अनुसन्धान प्रविधि प्रशिक्षण ।
- अनुवाद, ग्रन्थसम्पादन, ग्रन्थप्रकाशन तथा शोधपत्रिका (जर्नल) प्रकाशन ।
- पञ्चाङ्ग निर्माण तथा प्रकाशन ।
- अतिरिक्त क्रियाकलाप आदि ।

माथि गरिएको प्रशासनिक र शैक्षिक स्थितिको विश्लेषण गर्दा नेसंवि स्थापना भएको ३६ वर्ष बित्न लाग्दा एउटा विश्वविद्यालय बन्नका लागि चाहिने शैक्षिक-प्रशासनिक संरचना तयार भैसकेको स्पष्ट हुन्छ । यसको संरचनामा समयानुसार परिवर्तन, परिमार्जन र विकास पनि हुँदै आएको छ । त्यसैले यो संस्था गतिशील र लक्ष्यमुखी छ ।

## नेसंवि र संस्कृत उच्च शिक्षासामु विद्यमान समस्या एवम् चुनौती

स्थापनाका ३६ वर्ष बित्न लागेको स्थितिमा यतिखेर नेपाल संस्कृत विश्वविद्यालय र संस्कृतको उच्च शिक्षासामु अनेकौं समस्या र चुनौतीहरू खडा भएका छन् । शैक्षिक तथा प्रशासनिक क्षेत्रका विविध समस्याहरू यहाँ देखापरेका छन् । यहाँ रहेका समस्या र चुनौतीसँग सम्बन्धित सवालहरूलाई मूलतः बाह्य र आन्तरिक गरी दुई वर्गमा बाँड्न सकिन्छ । जसको प्रकृति निम्नानुसार छ :

### विश्वविद्यालयबाहिरको राष्ट्रिय र स्थानीय परिस्थितिले सिर्जना गरेका समस्याहरू

(१) हाम्रो समाजमा लामो समयसम्म संस्कृत शिक्षामा माथिल्ला जातका पुरुषबाहेक महिला र जनजातिले प्रवेशको वातावरण नै पाएनन् भने शुद्रहरू वहिष्कृत भए । यसरी संस्कृत सीमित जातिका थोरै मानिसहरूले पढ्ने र सरकारी खर्च भने ठूलो मात्रामा हुने भएकाले महिला, जनजाति, दलित एवम् सीमान्तकृत समुदायबाट संस्कृत शिक्षामा हुने सरकारी खर्चप्रति आलोचना र विरोध बढ्न लागेको देखिन्छ । संस्कृत शिक्षालाई समयानुकूल बनाउन नसक्दा उत्पन्न हुने सङ्कटको व्ययभार संस्कृत विश्वविद्यालयले खेपिरहनुपर्ने हुन्छ । संस्कृत विश्वविद्यालयसामु यस्ता थुप्रै चुनौतीहरू छन् ।

(२) संस्कृत विश्वविद्यालयले परिवर्तित परिस्थितिमा आफ्नो स्पष्ट लक्ष्य किटान गर्न सकेको छैन । यसको पाठ्यक्रम, कार्यशैली र कार्यक्रमहरू टालटुले र कामचलाउ प्रकृतिका मात्र छन् । आम जनतामा रहेको संस्कृत शिक्षाप्रतिको विरोध र भ्रम हटाउन यस विश्वविद्यालयले प्रभावकारी योजना ल्याउन सकिरहेको छैन । यस स्थितिमा उल्लिखित चुनौतीहरू कम गर्दै सुव्यवस्थित एवम् प्रगतिशील विश्वविद्यालयको खाका कोर्नु जरुरी छ । तर यसको पृष्ठभूमिमा राजनीतिक हस्तक्षेप र पार्टीगत स्वार्थ बाधक बन्न पुगेको छ ।

(३) विगत लामो समयदेखि रहँदै आएको पार्टीगत राजनीतिको प्रभावबाट विश्वविद्यालय मुक्त हुन सकेको छैन र मुक्त तुल्याउन निकै गाह्रो छ । यसै प्रभावका कारण विश्वविद्यालयको कर्मचारीतन्त्र, विद्यार्थीतन्त्र, प्राध्यापकवर्ग र विश्वविद्यालयका सहयोगीहरू समेत मानसिक रूपमा विभाजित हुने गरेको तितो यथार्थ छ । विद्यार्थीहरूले जागिरका लागि तालाबन्दी गर्ने, प्रतिस्पर्धाबाट होइन, दबाबबाट विश्वविद्यालयमा छिर्न खोज्ने र त्यसो गर्न नदिँदा नेतृत्वमाथि नै खनिने प्रवृत्ति एकदमै बढेर गएको छ ।

साँच्चै भन्ने हो भने विश्वविद्यालयभित्र उत्पन्न ८० प्रतिशत समस्याहरू यही मानसिकतासँग सम्बन्धित छन् ।

(४) विश्वविद्यालयमा नवीन योजना निर्माण र कार्यान्वयन गर्न स्रोत साधनको कमी छ ।

(५) उपभोक्तावाद, समाजमा बढिरहेको उच्छृङ्खलता, कदाचार र पाश्चात्य संस्कृतिको बढ्दो प्रसारबाट विश्वविद्यालय प्रभावित बन्दै गएको छ ।

(६) संस्कृत विश्वविद्यालयले नेपाली सभ्यता, संस्कृति र आदर्शको मानक स्थापना गरेर समाजलाई समेत त्यस दिशामा हिँडाउने कुराको नेतृत्व लिनुपर्नेमा यो संस्था स्वयं विचारविहीन र निरीह जस्तो बन्न पुगेको छ । समाजमा बढिरहेको विखण्डन र अराजकताको वेगमा संस्कृत विश्वविद्यालयको निजत्व समेत क्रमशः समाप्त हुन थालेको छ ।

### विश्वविद्यालयभित्रको परिस्थितिले जन्माएका समस्याहरू

(१) संस्कृत वाङ्मयको अध्ययन अध्यापन प्रणाली प्राचीन र मध्यकालीन युगका लागि जति आकर्षक र उपयोगी थिए, अहिले त्यसअनुरूप हुन नसक्नु स्वाभाविक नै हो । संस्कृतका कतिपय ग्रन्थहरू प्राचीन दासस्वामी समाज र वर्णव्यवस्थामा आधारित सामन्ती समाजलाई उपयुक्त हुने गरी या त्यस समयका नेतृत्वदायी वर्गका चिन्तन, संस्कार र हितअनुरूप रचिएका देखिन्छन् । संस्कृतमा सार्वकालिक उपयोगका महत्त्वपूर्ण विषय र विधाहरू पनि छन् । तर अहिले परम्परादेखि पढाइँदै आएका विषयमध्ये धेरैजसोको व्यावहारिक महत्त्व र उपयोगिता घट्दै गएको हुनाले त्यतातिर विद्यार्थीहरूको आकर्षण घट्दै गएको छ । कतिपय संस्कृत क्याम्पस र शैक्षिक संस्थाहरूमा छात्रवृत्ति पाउने भए पनि विद्यार्थीहरू र प्राध्यापकहरूको सङ्ख्या बराबर हुन थालेको देखिन्छ । अहिले नेपालमा मात्र हैन भारतमा समेत संस्कृत शिक्षाको यस्तै ह्रासोन्मुख अवस्था छ । यो एकातिर परम्परागत संस्कृत शिक्षामा मात्र जोड दिने पुरातन प्रवृत्तिको पराजय हो भने अर्कोतिर संस्कृतलाई समयको मागअनुसार परिवर्तित गर्नुपर्छ भन्नेहरूका लागि उपयुक्त अवसर पनि हो ।

(२) प्राचीन दर्शन, इतिहास, वेद, पुराण, धर्मशास्त्र, व्याकरण र साहित्यजस्ता विषयहरूमा विद्वान्हरू उत्पादन गर्न लगभग विद्यार्थीको सङ्ख्याअनुरूप नै प्राध्यापकहरूको आवश्यकता पर्दछ । यस किसिमको उत्पादन महँगो, जटिल, कम आकर्षक र कम व्यावसायिक हुने हुँदा विविध विषयका विद्वान् उत्पादन गरिरहने कुरा निकै कठिन र चुनौतीपूर्ण छ । तर जति खर्च गरेर भए पनि प्रत्येक विधाका विविध शाखाका परम्परालाई जीवित राख्नु जरुरी छ ।

(३) अहिले आधुनिक रोजगारमुखी शिक्षातिर विद्यार्थीहरूको आकर्षण बढ्दो छ र परम्परागत शैलीको संस्कृत शिक्षाको ह्रासोन्मुख अवस्था छ । यस्तो स्थिति संस्कृतलाई समयको मागअनुसार परिवर्तित गर्नुपर्छ भन्नेहरूका लागि उपयुक्त अवसर पनि हो । यो अवसरलाई सदुपयोग गर्न सरकारले समेत नेसंविलाई सघाउनु जरुरी छ ।

## सुधार र रूपान्तरण गर्नुपर्ने क्षेत्रहरू

नेसंविसामु अहिले उत्पन्न समस्या र चुनौतीहरू सम्बोधन गरी यसको समग्र रूपान्तरणका लागि विशेषगरी निम्न क्षेत्रमा सुधार गर्नु आवश्यक छ :

**१. शैक्षिक**

**२. संस्थागत संरचना**

**३. शिक्षक/कर्मचारीको क्षमता विकास**

**४. अनुसन्धान कार्यक्रम, अनुसन्धान केन्द्र र राष्ट्रिय सांस्कृतिक केन्द्र**

**५. संस्थागत सम्पर्क र समन्वय**

**६. सेवा आयोग**

**७. सूचना, सञ्चार र प्रकाशन**

**८. आन्तरिक स्रोत पहिचान र परिचालन**

**९. परीक्षा नियन्त्रण कार्यालय र परीक्षाप्रणाली**

**१०. आङ्गिक तथा सम्बन्धनप्राप्त विद्यापीठ**

**११. रानीपोखरी छात्रावास र अन्य छात्रावास**

**१२. रत्न केन्द्रीय पुस्तकालय र अन्य पुस्तकालय**

**१३. आयुर्वेद, योग र प्राकृतिक चिकित्सा**

**१४. विद्यार्थीहरूको कल्याण**

**१५. सामाजिक उत्तरदायित्व**

माथि उल्लेख गरिएका पन्ध्रवटा क्षेत्रमा रहेका समस्या र चुनौतीहरू एवम् तिनका समाधानका उपायहरू तल विश्लेषण गरिएको छ :

## १. शैक्षिक क्षेत्रका समस्या समाधानका उपायहरू

- अहिले कतिपय विद्यापीठका शिक्षकहरू विद्यापीठमा भन्दा अन्यत्र काम गर्न जाने प्रवृत्ति बढ्दै गएको छ । अर्कोतिर कतिपय विद्यापीठहरूमा विषयगत शिक्षकको कमी छ । यी दुई विरोधाभासी समस्या शैक्षिक क्षेत्रमा देखिएका अत्यन्त गम्भीर र कठोर समस्या हुन् । यिनलाई समाधान गर्न हाजिरी प्रणाली र अनुगमन प्रणालीलाई व्यवस्थित बनाउनु जरुरी छ ।
- उत्तरमध्यमा फेज आउटले विश्वविद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै गएको छ । संस्कृत विश्वविद्यालयका सन्दर्भमा १०+२ को अवधारणा सहयोगी हुन नसक्ने कुरा प्रारम्भिक लक्षणबाट स्पष्ट भैसकेको छ । यो स्थितिलाई समाधान गर्न देशका विभिन्न ठाउँमा खुलेका गुरुकुलहरूसँग सहकार्य गरी भौतिक र शैक्षिक सहयोग गर्दै र गुणस्तरीय बनाउँदै विश्वविद्यालयमा विद्यार्थी सङ्ख्या बढाउनु पर्छ । यसका लागि संस्कृत शिक्षाप्रतिको राष्ट्रिय नीति भिन्न बनाउनु र सरकारको सहयोगी भूमिका रहनु आवश्यक छ ।
- संस्कृत शिक्षालाई शास्त्ररक्षा र जीविकोपार्जन दुवै सवाल सम्बोधन हुने गरी अगाडि बढाउनका लागि यहाँ दुई खालको पाठ्यक्रम निर्माण गरी परम्परागत शास्त्रीय धार र आधुनिक जीविकामुखी शिक्षालाई समान रूपमा अघि बढाउनु पर्छ । यस्तो अभ्यास भारतका कतिपय संस्कृत विश्वविद्यालयहरूमा हुँदै आएको छ र तिनबाट हामीले

सिक्नुपर्ने हुन्छ । भारतका संस्कृत विश्वविद्यालयहरूले सञ्चालन गरिरहेका शैक्षिक कार्यक्रमहरू समेतको अध्ययन गरी भाषाविज्ञान, भूगर्भशास्त्र, खगोलशास्त्र, वास्तुकला, सैन्यविज्ञान, गृहविज्ञान र नर्सिङजस्ता नयाँ विषयहरू पाठ्यक्रममा समाविष्ट गर्नुपर्ने देखिन्छ ।

- वेद, वेदान्त, सर्वदर्शन, तन्त्र, मीमांसाजस्ता विषयका सन्दर्भमा अब विश्वविद्यालयमा प्राचीन विषयहरूको संरक्षण सम्वर्द्धनका लागि निश्चित अवधारणा अख्तियार गरी सीमित स्थानमा सीमित विषयको नीति अवलम्बन गर्न सकिन्छ ।
- सङ्घीय संरचनासँगै राष्ट्रिय विश्वविद्यालय भएको नाताले पूर्वको सोलुखुम्बूमा शेर्पा भाषासंस्कृति, धरान पिण्डेश्वरमा कोचिला प्रदेशका आदिवासी भाषाहरूका साथै राई  र लिम्बू भाषासंस्कृति, जनकपुरको याज्ञवल्क्य विद्यापीठमा मैथिली र भोजपुरी भाषासंस्कृति, काठमाडौंमा नेपाल र तामाङ्ग भाषासंस्कृति, पोखराको विन्दुबासिनी विद्यापीठमा गुरुङ्ग भाषासंस्कृति, रिडीको रुरु विद्यापीठमा मगर भाषासंस्कृति, सुदूरपश्चिमको शारदा विद्यापीठमा अवधी भाषाका साथै डोटेली संस्कृति र केन्द्रीय विद्यापीठ दाङमा थारू भाषासंस्कृतिको पठनपाठन र अनुसन्धान कार्य सञ्चालन गर्नुपर्छ ।
- कम्प्युटर विज्ञानलाई शिक्षामन्त्रालयसँग समन्वय गरी कक्षा ८ देखि नै संस्कृत स्कुलहरूबाट पठनपाठन गराउँदै विश्वविद्यालयस्तरसम्म फैलाउनु आजको आवश्यकता देखिन्छ ।
- स्नातकोत्तर तहमा प्राचीन लिपि विज्ञान र पुरातत्वका विषयहरू समावेश गरी अध्ययन अध्यापनको व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।
- स्नातक तहमा पत्रकारितालाई समावेश गर्नुपर्छ । यो विषय पठनपाठनका लागि सहज र व्यावसायिक समेत हुनाले सशुल्क रूपमा अध्ययन अध्यापनको व्यवस्था गर्न सकिन्छ ।
- अनुवाद विज्ञान, भाषाविज्ञान र भाषासंस्कृतिसम्बन्धी पाठ्यक्रमहरू निर्माण गरी पढाइ सुरु गर्नु पनि सान्दर्भिक हुन सक्छ ।
- प्राध्यापकहरूलाई अनुसन्धान कार्यमा लगाउनका लागि पहल गर्नुपर्ने । यसनिम्ति शिक्षाध्यक्ष कार्यालयअन्तर्गत शैक्षिक प्रशासन महाशाखाबाट कार्यविधि बनाएर विद्यापीठहरूमा प्रेषण गर्नुपर्ने ।
- हरेक विद्यापीठमा नियमित जर्नल प्रकाशनको व्यवस्था मिलाउनुका साथै विद्यापीठस्तरीय अनुसन्धान गतिविधिलाई व्यवस्थित गर्नु आवश्यक छ।
- केन्द्रीय पुस्तकालयका साथै विद्यापीठका पुस्तकालयहरूलाई भौतिक रूपमा समृद्ध र व्यवस्थित तुल्याउनुका साथै वाल्मीकि विद्यापीठमा वेधशाला निर्माण र केन्द्रीय पुस्तकालयसहित सबै विद्यापीठका पुस्तकालयमा नवीनतम पाठ्यसामग्रीहरूको व्यवस्था मिलाई इ-लाइब्रेरीका लागि प्रयत्न गर्नु आवश्यक छ।
- पाठ्यक्रममा निर्धारण गरिएका विषयगत पाठ्यपुस्तकहरूको प्रकाशन यथाशीघ्र गर्नु जरुरी छ।
- परीक्षाप्रणालीलाई समसामयिक, वैज्ञानिक र परिमार्जित तुल्याउनु साथै प्रश्नपत्र निर्माण र मूल्याङ्कनकार्यमा संलग्न जनशक्तिलाई प्रशिक्षण दिनु आवश्यक देखिन्छ।
- शैक्षिक, भौतिक र प्राज्ञिक उन्नयनसहित विश्वविद्यालयको अपेक्षाअनुरूप विद्यापीठहरूले विश्वविद्यालय अनुदान आयोगको नियमन सीमा पूरा गरी गुणस्तरीयताको मापक **QAA** प्राप्त गर्न प्रयत्न गर्नु आवश्यक छ।
- चार वर्षे शास्त्री तहको आन्तरिक मूल्याङ्कनका लागि स्पष्ट कार्यनिर्देशिका तयार गरी विद्यापीठहरूलाई सहजीकरण गर्ने ।
- विश्वविद्यालयले देशभरिका प्रतिष्ठित गुरुकुलहरूसँग समन्वय र सहकार्य सहित शास्त्रीतहमा आउने विद्यार्थीस्रोतको सुनिश्चितताका लागि संस्कृत मावि र गुरुकुलहरूसँग विशेष सम्बन्ध विस्तार गरी संस्कृत वाङ्मयको सर्वोपरि समृद्धिका लागि आवश्यक पहल गर्नु पर्ने देखिएको छ।
- पाठ्यक्रमहरूमा परिष्कार, परिमार्जनको काम भैरहेको भए पनि त्यसलाई अझ व्यवस्थित, वैज्ञानिक र समसामयिक बनाउनु आवश्यक छ । कतिपय थप विषयहरू समावेश गर्नुपर्ने देखिएको छ । पठनपाठनलाई प्रभावकारी तुल्याउनका लागि वार्षिक शैक्षिक क्यालेण्डरको निर्माण तथा प्रकाशन र सोको दृढतापूर्वक कार्यान्वयन गर्न सकिन्छ । त्यसैगरी प्राज्ञिक परिषद् र विषयसमितिलाई सक्रिय बनाएर शैक्षिक कार्यक्रमको निरन्तर अनुगमन र मूल्याङ्कनको जिम्मेवारी

दिन सकिन्छ । विश्वविद्यालयले सरोकारवालाहरूको राय सङ्कलन गरी शैक्षिक क्यालेन्डरलाई व्यवस्थित र वैज्ञानिक बनाउनु, हरेक तहका पाठ्यक्रमलाई यथाशीघ्र परिष्कार एवम् अद्यावधिक गर्नुका साथै प्रकाशनको व्यवस्था गर्नु र प्राध्यापकहरूलाई विषयगत अभिमुखीकरण गर्नु आवश्यक छ।

## २. संस्थागत संरचनाका क्षेत्रमा विद्यमान समस्या समाधानका उपायहरू

- नेसंविका कतिपय निकायहरू हाल निष्क्रिय र अनुपयोगी देखिएका छन् भने कतै नयाँ संरचना खडा गर्नुपर्ने आवश्यकता छ। यसका लागि सर्वप्रथम नेसंविभित्रका शाखा, महाशाखा र निकायहरूको कार्यशैलीमा सुधार गर्ने र यिनीहरूबीचको आपसी समन्वयलाई व्यवस्थित बनाउन अनुगमन महाशाखालाई चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ। त्यस्तै नेसंविको बैठक प्रणाली र निर्णयप्रक्रियामा सुधार ल्याउनु जरुरी छ। त्यस्तै कर्मचारीलाई तालिम दिएर उनीहरूको व्यवहार र धारणामा परिवर्तन ल्याई छिटोछरितो सेवाप्रवाह र उत्तरदायित्व वृद्धि गर्नुपर्ने देखिएको छ। यस्तै प्रत्येक विद्यापीठका छात्रावासको पूर्णतः मर्मत सम्भार र सबैतिर संस्थाको आवश्यकताअनुसार सुरक्षाका लागि कम्पाउण्डवाल, प्राध्यापक आवास आदि काम गर्नुपर्ने देखिएको छ। यस्तै पाठ्यक्रम विकास केन्द्रको आवश्यकता पनि विगतदेखि नै अनुभव हुँदै आएको हो।

## ३. शिक्षक/कर्मचारीको क्षमतावृद्धिका क्षेत्रमा विद्यमान समस्या समाधानका उपायहरू

- विश्वविद्यालयमा माथिल्लो पङ्क्तिका कर्मचारीहरूको अवकाशपश्चात् तत्कालै कार्यदक्षता र प्रभावकारी प्रशासनिक क्षमताको अभाव देखापर्ने र त्यस स्थितिलाई सम्हाल्नसक्ने पछिल्लो पङ्क्तिका कर्मचारीहरू कम देखिएकाले सङ्कट आउन सक्ने सम्भावनालाई चिर्नका लागि दक्ष कर्मचारीहरूको उत्पादन गर्नुपर्ने जरुरी छ। यो समस्या देखापर्नुको पछाडिको कारक तत्त्व विगतमा विश्वविद्यालयमा भएका राजनीतिकरण र नातावाद कृपावादको घुसपैठको उपज नै हो।

- कार्यरत शिक्षक र कर्मचारीको क्षमता विकासका लागि तालिम, अध्ययनभ्रमण, पुनर्ताजगी र अन्य अवसरहरूको सिर्जना गर्नु आवश्यक छ। विभिन्न शाखा, महाशाखा एवम् निकायहरूमा कर्मचारीलाई पद र योग्यताअनुसारको जिम्मेवारी दिई काममा उत्प्रेरित गर्नुका साथै नियममा उल्लिखित दण्डपुरस्कारको नीतिलाई दृढतापूर्वक लागू गर्नु जरुरी छ।

## ४. अनुसन्धान कार्यक्रम, अनुसन्धान केन्द्र र राष्ट्रिय सांस्कृतिक केन्द्रसँग सम्बन्धित समस्या समाधानका उपायहरू

- संस्कृत वाङ्मयमा निहित लोकोपयोगी ज्ञान, विज्ञान र प्रविधिको विशेष अनुसन्धानमार्फत जनमानसलाई संस्कृततर्फ आकृष्ट गर्नुपर्दछ। त्यसका लागि राष्ट्रिय अभिलेखालय र विभिन्न पुस्तकालयहरूमा रहेका हजारौँ दुर्लभ ग्रन्थहरूको सम्पादन, प्रकाशन र अनुवाद कार्यलाई अघि बढाउन जरुरी छ।

- उपाधिमूलक अनुसन्धानहरूलाई विषयको बन्देज नराखी कृषि, स्थापत्य, वाणिज्य, व्यवस्थापन, मनोविज्ञान, कला, सङ्गीत एवम् भाषाविज्ञानजस्ता विषयहरूतिर समेत अनुसन्धान गर्न प्रवृत्त गराउनु आवश्यक छ।

- निरुपाधिक विशेष अनुसन्धानका सन्दर्भमा विषयवस्तुको गहिराईमा पुग्ने र सूक्ष्म अनुसन्धानतिर प्रवृत्त हुने गरी दीर्घकालीन अनुसन्धान योजनाहरू बनाउनु जरुरी छ।

## ५. संस्थागत सम्पर्क र समन्वयका क्षेत्रमा देखिएका समस्या समाधानका उपायहरू

- संस्थागत सम्पर्क र समन्वयका क्षेत्रमा देखिएका उपर्युक्त समस्या र चुनौतीहरू समाधान गर्न विशेष कार्यदल बनाई ठोस नीति बनाएर कार्यान्वयन गर्दै लैजानुपर्ने जरुरी छ । साथै अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा, अनुगमन महाशाखा र मूल्याङ्कन महाशाखालाई अझ बढी सक्रिय बनाउनु आवश्यक छ ।

- अन्तर्राष्ट्रिय संस्कृत शिक्षा जगत्का प्राज्ञिक पक्षबारे निरन्तर अध्ययन गर्न र अपेक्षित संस्थागत अन्तरसम्बन्ध कायम गर्न जरुरी छ ।

- विश्वविद्यालयको वेबसाइटलाई अद्यावधिक र प्रभावकारी बनाउने, बजारमा बिक्ने खालका पुस्तकहरू प्रकाशन गरी विश्वविद्यालयको आयस्रोत बढाउने, पाठ्यभार नभएका शिक्षकहरूलाई पाठ्यपुस्तक लेखन र अनुसन्धानका लागि प्रेरित गर्ने साथै पाठ्यभार भएका शिक्षकहरूलाई निश्चित अनुदान दिएर लेखन र अनुसन्धानका लागि प्रेरित गर्ने, प्रकाशनका लागि सहयोगका क्षेत्रहरू (संयुक्त प्रकाशन) को खोजी गर्ने साथै रेडियो र टेलिभिजन कार्यक्रममार्फत विश्वविद्यालयको नाम उँचो पार्ने काम गर्नु आवश्यक छ ।

- विश्वविद्यालयले आधुनिक सूचना प्रविधिको उपयोगमा जोड दिँदै विश्वविद्यालयका यावत् गतिविधिलाई इन्टरनेट, बुकलेट, ब्रुसर र फोटोफिचर आदिका माध्यमबाट विदेशसम्म पुर्‍याउन सकिन्छ । यसका लागि विश्वविद्यालयको स्तरीय वेबसाइट निर्माणको कामलाई व्यवस्थित रूपमा अगाडि बढाउनु आवश्यक छ ।

## ६. सेवाआयोगका समस्या समाधानका उपायहरू

- सेवाआयोगलाई थप प्रभावकारी बनाउन आवश्यक नियम र निर्देशिकामा आवश्यक परिष्कार, परिमार्जनका साथै कर्मचारीहरूलाई तालिम दिएर यसको काममा अझ बढी प्रभावकारिता ल्याउनु आवश्यक छ ।

## ७. सूचना, सञ्चार र प्रकाशन क्षेत्रका समस्या समाधानका उपायहरू

## ८. सामाजिक उत्तरदायित्वका क्षेत्रमा रहेका समस्या समाधानका उपायहरू

- नेसंविप्रति देश विदेशका सनातन धर्मावलम्बीको आस्था र अपनत्व बढाउन देशविदेशका सनातन धर्मावलम्बीहरूका जिज्ञासाको जवाफ दिन निःशुल्क हटलाइन सञ्चालन गर्ने, हरेक प्रदेशका विभिन्न ठाउँमा आयुर्वेद, योग, प्राकृतिक चिकित्सा र कर्मकाण्डका प्रयोगात्मक शिविरहरू सञ्चालन गर्ने, नेसंविको स्थलगत स्वयंसेवा कार्यक्रम र सोमा विद्यार्थीलाई संलग्न गराई आम जनतासँग नेसंविलाई जोड्ने कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

## ९. अन्य समस्या समाधानका उपायहरू

- परीक्षा नियन्त्रण कार्यालय र परीक्षाप्रणालीमा सुधार ल्याउन शैक्षिक कार्यतालिका अनुसार परीक्षा सञ्चालन गर्ने, विशेषज्ञहरूको रोस्टर तयार पार्ने, विद्यार्थी संख्याका आधारमा परीक्षाकेन्द्र निर्धारण गर्ने, परीक्षाकेन्द्रको पद्धतिलाई कम्प्युटरप्रणालीमा लैजाने, परीक्षालाई अझ मर्यादित, व्यवस्थित र वैज्ञानिक तुल्याउने उपायको खोजी गर्ने आदि काम आवश्यक छन् । यस्तै आङ्गिक तथा सम्बन्धनप्राप्त विद्यापीठलाई एकीकृत तुल्याउँदै लैजानुपर्ने आवश्यकता छ भने रानीपोखरी संस्कृत छात्रावास र अन्य छात्रावासलाई पनि व्यवस्थित बनाउनु आवश्यक छ । रत्न केन्द्रीय पुस्तकालयलाई आधुनिक प्रविधियुक्त तुल्याई शोधअनुसन्धानका लागि केन्द्रीय पुस्तकालयका रूपमा विकास गर्ने साथै अन्य विद्यापीठका पुस्तकालयलाई पुस्तकालय विज्ञानअनुरूप स्तरोन्नति गर्नुपर्ने देखिएको छ । यस्तै आयुर्वेद, योग र प्राकृतिक चिकित्सा कार्यक्रमलाई निरन्तरता दिई थप स्तरवृद्धि र आकर्षक तुल्याउँदै लैजानुपर्ने आवश्यकता छ । यसैगरी विद्यार्थीहरूको कल्याण, उनीहरूको चौतर्फी विकास र प्रोत्साहनका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरूको नियमित सञ्चालन गर्नु आवश्यक देखिन्छ । नेपाल संस्कृत विश्वविद्यालय र यसअन्तर्गतका विद्यापीठहरूको नाममा रहेको लगभग १८०० बिघा जमिनको सदुपयोग गर्न र आन्तरिक साधनस्रोतको परिचालन गर्न योजना बनाएर मोही हक हस्तान्तरण गरी बाँकी जग्गा भाडामा दिई विश्वविद्यालयको आयस्रोत वृद्धि गर्नुपर्छ ।

- संस्कृत शिक्षाको प्रचारप्रसार योगविशेषज्ञ, आयुर्वेदविशेषज्ञ, वास्तुविशेषज्ञ, ज्योतिषविशेषज्ञ, विविध जाति जनजातिका कर्मकाण्डविशेषज्ञ, भाषाविशेषज्ञ र साहित्यविशेषज्ञको टोली बनाएर दुर्गम क्षेत्रहरूमा पठाउन सकिन्छ । उनीहरूले ती क्षेत्रमा शिविरहरू आयोजना गरी स्थानीय जनतालाई संस्कृतको महत्त्व बुझाउन सक्छन् र जनसेवासमेत गर्न सक्छन् । तर यसका लागि व्यापक कार्यक्रम नै निर्माण गर्नु आवश्यक छ ।

- अहिले स्थानीय निकाय र सरकारी कार्यालयहरूमा नेपाली भाषामा शुद्धलेखन गर्नसक्ने व्यक्तिहरूको अभाव खट्किँदै गएको छ । अनेकौं कार्यालयहरूले हामीसँग तालिम प्याकेज बनाएर आफ्ना कर्मचारी र जनप्रतिनिधिलाई शुद्धलेखन तालिम दिनुपर्ने अनुरोध गरिरहेका छन् । सरकारले यसलाई आफ्नो कार्यक्रममा राख्ने हो भने नेसंविले सो कार्यमा सहजीकरण गर्न सक्छ ।

- परिवर्तित परिस्थितिमा राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्दा संस्कृत शिक्षाका बारेमा राष्ट्रले सही दृष्टिकोण निर्माण गरी संस्कृतलाई कुन रूपमा समावेश गर्ने भन्ने कुराको निक्यौंल गर्नुपर्छ ।

## उपसंहार

विश्वविद्यालयमा विगतबाटै हुँदै आएको राजनीतिक खिचातानी र अस्वस्थ गतिविधिलाई सङ्ग्लो बनाउनु निकै चुनौतीपूर्ण छ । राजनीतिक हस्तक्षेप र स्वार्थहरू नै विश्वविद्यालयसामु उत्पन्न मुख्य समस्याहरू हुन् । यिनलाई नीतिनियम बनाएर मात्र छेक्न सकिँदैन । यसका लागि त सबैतिर विधि, पद्धति र कानुनको परिपालनाको वातावरण निर्माण हुनु आवश्यक छ ।

त्यसो त अहिले सबै जसो विश्वविद्यालयका मानविकी र सामाजिक शास्त्रसम्बद्ध विभागहरूमा विद्यार्थीको चाप निकै न्यून छ, त्यसमा पनि संस्कृत विश्वविद्यालयमा विद्यार्थीको न्यूनता चिन्ताजनक रूपमै छ । लगानीको तुलनामा प्रतिफल प्राप्त नहुनाले राज्यले सस्कृत क्षेत्रमा गरेको लगानीबारे अनेकौं प्रश्न उठ्ने गरेका छन् । यो गम्भीर छलफलको विषय हो । तर लामो समयदेखि यस विषयमा छलफल मात्र हुने गरेको, ठोस धारणा बन्न नसकेको यथार्थलाई पनि स्वीकार गर्नै पर्छ ।

नेपाल संस्कृत विश्वविद्यालय र यसअन्तर्गतका क्याम्पसहरूको नाममा अहिले लगभग १८०० बिघा जमिन रहेको छ । यसमध्ये धेरै जमिन दाङमै छ (लगभग १६५६ बिघा) । विश्वविद्यालयले आन्तरिक साधन स्रोतको पहिचान गरेर परिचालन गर्न नसक्दा आयआर्जनको स्रोत नजुटेको र सरकारको मुख ताक्नुपर्ने बाध्यता रहेको देखिन्छ । स्थापनाकालदेखि २०५७ सालसम्म दाङ देउखुरीको जमिनबाट प्रशस्त आम्दानी भैरहेको थियो । त्यसपछि र अहिलेसम्म विश्वविद्यालयको जग्गा किसानका नाममा राजनीतिक दलका कार्यकर्ताहरूले एकतर्फी रूपमा कब्जा गरिरहेका छन् । तसर्थ उनीहरूकै सहभागितामा किसान र विश्वविद्यालय दुवै लाभान्वित हुने गरी सो क्षेत्रमा कृषि क्याम्पस र जडिबुटी अध्ययन केन्द्रको स्थापना गर्न सकिन्छ । सहरकेन्द्रित विद्यापीठहरूमा रहेको जमिनलाई व्यापारिक उपयोगमा ल्याई आयआर्जन गर्न सकिने संभावना पनि छ । यसबारे सम्बन्धित विद्यापीठहरूलाई गुरुयोजना निर्माणका लागि प्रेरित गर्न सकिन्छ ।

नेपालमा सबल, सक्षम र आत्मनिर्भर विश्वविद्यालयका रूपमा नेसंविलाई स्थापित गर्न स्पष्ट चिन्तन र नवीन सोचको विकासका साथै यसको आन्तरिक एवम् बाह्य छविमा सुधार ल्याउनु जरुरी देखिन्छ भने जनअपेक्षाअनुरूप पाठ्यक्रम निर्माण र पाठ्यपुस्तकको व्यवस्थाका साथै प्रकाशन, सूचना सञ्चार र अनुसन्धानमा जोड दिनु पनि उत्तिकै आवश्यक देखिन्छ । यसका लागि सबैभन्दा ठूलो कुरा हो- नेतृत्वको इच्छाशक्ति र समर्पण अनि दोस्रो आवश्यक कुरा हो- राजनीतिक, सरकारी तह र जनस्तरबाट समर्थन एवम् सहयोग ।

**सन्दर्भस्रोत**

देवकोटा, देवमणि (२०७१), *नेपाल संस्कृत विश्वविद्यालयको इतिहास,* काठमाण्डौं : ऋषि ज्ञवाली ।
नेपाल संस्कृत विश्वविद्यालयका वार्षिक प्रतिवेदनहरू (२०७६, २०७७ र २०७८) ।
नेपाल संस्कृत विश्वविद्यालयको संक्षिप्त परिचय ।
नेपाल संस्कृत विश्वविद्यालय, प्राचार्य सम्मेलन देवघाटधाम (२०७९) को निष्कर्ष ।